का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २८४
- २२ मंसिर २०७८, बुधबार
- 8 December 2021, Wednesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

## काँग्रेस महाधिवेशन

# उम्मेद्वार टुंग्याउनै कठिन

## रामचन्द्रको सर्त– प्रकाशमान र शेखर मिले म पछि हट्छु



१४औं महाधिवेशन शुरु हुन दुई दिन बाँकी रहेपनि नेपाली काँग्रेसका संस्थापन तर्फका नेताहरुले सभापतिको उम्मेदवार समेत चयन गर्न सकेका छैनन् । सोमबार देखि निर्णायक छलफलमा बसेका नेताहरु सोमबार साँझ पनि निष्कर्षहीन भएर उठे ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ मंसिर ।

नेपाली काँग्रेसको १०औं महाधिवेशनमा सभापति शेरबहादुर देउवा इतर समूहका नेताहरुले साझा उम्मेद्वार टुंग्याउने लगातार प्रयत्न गरिहेका छन् । गएको १८ भदौमा वडा अधिवेशन शुरु भएपछि वरिष्ठ नेता रामचन्द्र पौडेलले साझा उम्मेद्वारबारे छलफल शुरु गरेका थिए । तर मंगलबार साँझसम्म पनि साझा उम्मेद्वार तयार हुन सकेन । जबकी महाधिवेशन अब दुई दिन बाँकी छ ।

नेता पौडेलले भने निर्णायक अवस्थामा पुगेका बताएका छन् । पूर्वमहामन्त्री प्रकाशमान सिंहको निवास चाक्सिबारीमा सोमबार देखि लगातार छलफल चलिरहेको छ । यो छलफलबाट साझा उम्मेद्वार तयार पार्ने नेताहरुले बताएका छन् । मंगलबार दिउँसोबाटै नेताहरु छलफलमा बसेका थिए ।

तर नेता पौडेल, सिंह र केन्द्रीय सदस्य शेखर कोइरालाले अडान छोडेनन् । छलफलमा सहभागी एक नेताका अनुसार, छलफलका अन्त्यतिर पौडेलले सर्त सहित प्रस्ताव गरेका थिए । पौडेलको प्रस्ताव छ– सिंह र कोइराला बीच सहमति जुटे, आफ्नो उम्मेद्वारी रहँदैन ।

१३औं महाधिवेशनमा देउवासँग पराजित पौडेल एकपटक फेरि प्रतिश्पर्धा गर्ने सोंचमा थिए । त्यसैकारण पौडेलले लगातार नेताहरुबीच छलफल चलाउँदै आएका थिए ।

तर महामन्त्री डा.शशांक कोइरालाले समेत पौडेललाई सभापतिको उम्मेद्वार मान्न तयार भएनन् । उनले दाजु शेखरलाई भने समर्थन गर्ने संकेत दिएका थिए । पूर्व महामन्त्री सिंहले त पौडेलले बोलाएका केही छलफलमा समेत भाग लिएनन् । सोमबार मात्रै सिंहले सम्पर्क कार्यालय खोलेका छन् ।

यसअघि शेखरले पनि छुट्टै सम्पर्क कार्यालय सञ्चालन गर्दै आएका छन् । "शेखर कोइरालाले सभापतिको तयारी गरेको केही वर्ष पहिलेबाटै हो । उहाँले छोड्नु हुन्न", उनी निकट एक नेता भन्छन् । तर सिंहले भने १२औं महाधिवेशनबाट निर्वाचित महामन्त्री रहेको र १३औं महाधिवेशनमा पनि पपुलर मत पाएकाले नेतृत्वमा दावी गर्ने बताइरहेका छन् ।

शेखर सभापति लड्ने अवस्थामा सुजाता कोइराला पनि पछि हट्ने संभावना छ । तर सिंहको समर्थन पाउन सजिलो छैन । त्यसैले पौडेल फेरि आफूलाई साझा उम्मेद्वार मान्न भन्दै मंगलबारको सर्तबाट पछि हट्ने संभावना रहेको स्रोत बताउँछन् ।

सभापतिमा उठ्ने प्रष्ट भइसकेका देउवा विरुद्ध साझा उम्मेद्वार तय गर्नुपर्नेमा भने यो समूह प्रष्ट छ । "धेरै लम्बिदैन । बाँकी पृष्ठ २ मा

## प्यानल बनाउँदै देउवा

उपसभापति विमलेन्द्र निधिले साथ छोडेपनि नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले फेरि पनि नेतृत्वमा दोहोरिनेगरी नेताहरुको व्यवस्थापनमा जुटेका छन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ मंसिर ।

नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले महाधिवेशन केन्द्रीत छलफल तीव्र बनाएका छन् । १३औं महाधिवेशनमा तत्कालीन कार्यबाहक सभापति रामचन्द्र पौडेललाई पराजित गर्दै सभापति बनेका देउवा फेरि नेतृत्वमा दोहोरिनेगरी बालुवाटारबाटै गृहकार्य गरिरहेका छन् ।

काँग्रेसलाई आगामी निर्वाचनबाट बहुमत दिलाउन पनि फेरि सभापति हुनुपर्ने देउवाले बताउँदै आएका छन् । "पार्टी सभापतिमा हारेको बाँकी पृष्ठ २ मा

### ओझेलमा नीति

**काठमाडौं/रासस–** नेपाली कांग्रेसमा केन्द्रीय महाधिवेशनले अल्पकालीन वा दीर्घकालीन महत्वका विषयमा पार्टीको नीति निर्धारण गर्ने व्यवस्था छ ।

पार्टी संगठनसम्बन्धी विषयमा नीतिगत निर्णय लिने अधिकार पनि विधानले पार्टीको सर्वोच्च निकाय महाधिवेशनलाई नै दिएको छ । २०४६ पछि एउटै महाधिवेशनमा नेतृत्व र नीतिका बारेमा छलफल एवं निर्णय गर्दा नीति बाँकी पृष्ठ २ मा

छोरीलाई दाइजो होइन शिक्षा दिऔं, सवल, सक्षम र आत्मनिर्भरताको दीक्षा दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## दलहरुसँग निराश बार

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग सहित आन्दोलनरत कानून व्यवसायीहरुको छाता संस्था नेपाल बार एशोसियसनलाई दलहरुले निराश जवाफ दिएका छन् ।



*एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाउँदै बारका पदाधिकारी । तस्वीर सौजन्य: नेपाल बार*

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, २१ मंसिर ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग सहित आन्दोलनरत कानून व्यवसायीहरुको छाता संस्था नेपाल बार एशोसिएशनका पदाधिकारीलाई प्रमुख राजनीतिक दलहरुले निराश जवाफ दिएका छन् । कार्यपालिकासँग भागबण्डा लिएर न्याय सम्पादनमा मोलाहिजा गरेको भन्दै बार गएको १४ कात्तिक देखि आन्दोलनरत छ ।

तर प्रमुख दलका शीर्ष नेताहरुले भने चित्तबुझ्दो जवाफ नदिएको बारका पदाधिकारीहरुले बताएका छन् । मंगलबार प्रमुख विपक्षी दल एमालेका शीर्ष नेताहरुलाई बार पदाधिकारीले भेटेका थिए । भेटका क्रममा अध्यक्ष केपी शर्मा ओलीले न्यायालय सुधार्ने विषयमा आफ्नो कुनै आपत्ति नरहेको बताए । तर प्रधानन्यायाधीश जबरालाई महाअभियोग लगाएर मात्रै न्यायालयको सुधार नहुने ओलीको भनाइ थियो ।

"न्यायालय सुधार्ने विषयमा हाम्रो कुनै आपत्ति छैन, जहाँनिर कमी छ, त्यसलाई हटाएर जानुपर्छ भन्ने हो तर तपाईंहरुले उठाएको विषय २० प्रतिशत मात्रै छ, त्यसलाई पूर्णता दिएर १०० प्रतिशत बनाएर अगाडि बढौं", ओलीले भनेका थिउ । ओलीले प्रधानन्यायाधीश जबरालाई जोगाउनेगरी बोलेका थिए । "प्रधानमन्त्री शेरबहादुर देउवाले गजेन्द्र हमाल कांग्रेसको कोटाबाट मन्त्री भएको र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कांग्रेसको कोटाबाट हो चोलेन्द्रको कोटा होइन भनेको भन्दै लेनदेन भएकै होइन भनिरहेको अवस्थामा महाअभियोग दर्ता गर्नु परेन", ओलीको भनाइ थियो ।

न्यायालय स्वच्छ र निष्पक्ष नभएको भन्दै प्रधानन्यायाधीशको राजीनामा वा महाभियोगबाट मात्रै न्यायिक सुधारको सुरुआत नहुने ओलीको भनाइ थियो । "महाभियोग लगाउन हामी निर्णायक होइनौं, हामीसँग दुई तिहाइ पनि छैन, हामी निर्णायक होइनौं, यहाँ कोही पनि एक्लै निर्णायक छैन, यहाँ तपाईंहरुलाई हामी बाधक हौं भन्ने लाग्या छ, यहाँ केही साथीहरु डबल गेम खेलिरहेका छन्, राजनीतिक दलहरु तपाईंहरुसँग छन् जस्तो मात्रै गरेका छन्, तपाईंहरुसँग छैनन्", ओलीले भने । आफू प्रधानमन्त्री हुँदा बाँकी पृष्ठ २ मा

## संघको साधारणसभा पुस २३ गते

# अध्यक्षका उम्मेद्वार मात्रै करिब आधा दर्जन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ मंसिर

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २८ औं साधारणसभा आगामी पुस २३ गते हुने भएको छ । संघका कार्यवाहक अध्यक्ष कमल तामाङको अध्यक्ष्यतामा सोमबार बसेको कार्यसमितिको बैठकले आगामी पुस २३ गते निर्वाचनसहितको साधारणसभा गर्ने निर्णय गरेको द्वितीय उपाध्यक्ष कमलदेव मल्लले मध्यान्हलाई जानकारी दिए । निर्वाचनका लागि संघले व्यवसायी रविन शेरचनको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ । समितिको सदस्य सचिवमा संघका कानूनी सल्लाहकार शम्भु निरौला रहेका छन् ।

निर्वाचन समितिका एक सदस्य प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका प्रतिनिधि रहने छन् । संघले साधारणसभाको मिति तोकेपछि




सोमबार नै निर्वाचन समितिमा प्रतिनिधि पठाइदिन मञ्चलाई पत्र पठाएको छ । मञ्च नेपालका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारीले मञ्चको मंगलबार बस्ने बैठकले निर्वाचन समितिमा पठाउने व्यवसायीबारे निर्णय गर्ने बताए । संघले साधारणसभा स्थलबारे पछि निर्णय गर्ने मल्लले जानकारी दिए ।

संघले साधारणसभाको मिति तोकेसँगै आगामी नेतृत्वका लागि राजनीतिक दल निकट व्यवसायीहरूले आफ्नो दाबी सार्वजनिक गर्न थालेका छन् । कुनैपनि पक्षबाट आधिकारिक उम्मेद्वार घोषणा नभएको भएपनि आधा दर्जन व्यवसायी अध्यक्षको आकांक्षी देखिएका छन् ।

संघको २७ औं वार्षिक साधारणसभा पछिको गत निर्वाचनमा नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमले स्व. विष्णुप्रसाद गैरेको नेतृत्वमा संघमा 'क्लिन स्वीप' नै गरेको थियो । एसोसिएसनका तर्फबाट हालका संघका कार्यवाहक अध्यक्ष कमल तामाङ, द्वितीय उपाध्यक्ष कोमलदेव मल्ल, महासचिव सुजितकुमार श्रेष्ठ र भुवनसिं गुरुङको नाम चर्चामा छ ।

प्रथम उपाध्यक्षमा प्रज्ञान न्यौपाने, ऋषि शर्माको नाम चर्चामा रहेको छ भने द्वितीय उपाध्यक्षमा किशोर केसी, महासिचवमा हालका सचिव मेघनाथ भुर्तेल र कोषाध्यक्ष इन्दिरा गुरुङको नाम चर्चामा छ ।

संसदको प्रमुख प्रतिपक्षी नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको तर्फबाट संघका निवर्तमान अध्यक्ष रोहन गुरुङ, मञ्चका पूर्व अध्यक्ष हरिबहादुर पाण्डे बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## कतारमा अवैधानिक कामदारलाई वैध हुने बाटो खुल्यो

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २१ मंसिर

कतारमा विभिन्न कारणले अवैधानिकरूपमा कार्यरत कामदारहरूलाई यहाँको सरकारले वैधानिक हुन बाटो खुला गरेको छ । आप्रवासी कामदारहरूको आगमन, प्रस्थान र नियमन गर्न बनेको सन् २०१५ को कानून नं १५ को उल्लंघन गरी गैरकानूनीरूपमा कतारमा बसेका कामदारहरूले आधा जरिवाना शुल्क तिरेर आफूले चाहेको कम्पनीमा वैधानिक हुन सकिने यहाँको आन्तरिक मन्त्रालयले जनाएको छ ।

आफ्ना कामदारहरूको कतारी आइडी नलगाएका कम्पनीले पनि उक्त कानूनको प्रयोग गरी कामदारलाई वैध बनाउन सक्ने मन्त्रालयले जनाएको छ । गएको अक्टोबर १० देखि खुला भएको यस आममाफी तथा बाँकी पृष्ठ २ मा

## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

PRO: 3 — तलब रु.५०,०००/–

म्यानपावरमा २ वर्षको अनुभाव भई विभाग सम्बन्धी राम्रो ज्ञान भएको, नेपाली, अंग्रेजी राम्रो संग लेख्न र बोल्न जानेको, न्यूनतम शैक्षिक योग्यता +२ पास गरेको हुनुपर्नेछ ।

Candidates can send their CV's through email address: manager@mobhiraservices.com and for further details of above position contact No: 9801085638, 9851083583.

Mobhira Recruitment Consultanty Service Pvt. Ltd.
Budhanilkantha-06, Hatigauda, Kathmandu

# विवाह पञ्चमी पर्व मनाइँदै

**काठमाडौं/मस–** त्रेता युगमा मार्ग शीर्ष शुक्ल पञ्चमीका दिन सीता र रामको विवाह भएको सम्झनामा आज देशभर राम सीताको पूजा आराधना गरी विवाह पञ्चमी पर्व मनाइँदैछ ।

मिथिलाको प्राचीन राजधानी जनकपुरधाममा भगवान् सीता र रामको विवाह महोत्सव आज विधिपूर्वक मनाइँदैछ ।

रामायणमा वर्णन गरे अनुसार जनक नन्दनी सीताको विवाह भएको दिनलाई सम्झेर मिथिलावासीले विवाह पञ्चमी पर्वलाई विशेष महोत्सवका रूपमा मनाउने गरेका छन् । त्रेतायुगमा मिथिलाका राजा जनकले आफ्नी छोरी सीताको स्वयंवरका लागि राखिएको शिवधनुषलाई अयोध्याका राजा दशरथका जेठा छोरा रामले तीन टुक्रा पारे ।

शिवधनुषलाई भाँचेपछि मंसिर शुक्ल पञ्चमीका दिन राम र सीताको विवाह सम्पन्न भएको थियो । रामायण अनुसार जनकपुरधामको रंगभूमिमा आयोजना गरिएको स्वयंवरमा ५६ कोटी देवताको उपस्थिति रहेको विश्वास गरिन्छ। सीतालाई छोरी-बहिनीका रूपमा मान्ने मिथिलावासी



महोत्सवमा देवीदेवताको सहभागिता शरीर नभए पनि अदृश्य रूपमा हुने विश्वासले हर्षोल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि बिहेसम्म सहभागी हुन्छन् ।

महोत्सव मनाउने क्रममा मिथिलाको संस्कृति अनुसार मटकोर, तिलकोत्सव, स्वयंवर र विवाह संस्कार गरिन्छ। पौराणिक मान्यता अनुरूप राम मन्दिरबाट बाजागाजा, झाँकीसहित भगवान् रामको प्रतिमालाई विशेषरूपमा निर्मित डोला सिंहासनमा राखी रंगभूमिमा पुऱ्याइन्छ ।

त्यस्तै जानकी मन्दिरबाट सीतालाई विशेष सुसज्जित डोलामा राखी रंगभूमिमा लगिन्छ । रंगभूमिमा स्वयंवर विधि, परीक्षणको वैवाहिक विधि सम्पन्न भएपछि सीता-रामलाई जानकी मन्दिरमा ल्याइएपछि मिथिला संस्कृतिअनुसार विवाह सम्पन्न हुन्छ । सो अवसरमा निस्केको भगवानको डोला शोभा यात्रामा राज्यका विभिन्न स्थानलगायत सीमावर्ती भारतीय क्षेत्रका श्रद्धालु भक्तजनसमेत सहभागी हुने गर्छन् ।

श्रद्धालु भक्तजन बिहान सबेरैदेखि पवित्र सरोवर र नदीमा स्नान गरी पूजाअर्चना गर्ने गर्छन् । यस अवसरमा भजनकीर्तन, रामलीला, झाँकी र प्रवचनको पनि आयोजना हुँदै आएको छ । देवताको मानवीयकरणको भावनासँग सम्बद्ध विवाह महोत्सवमा सरिक भएपछि मनोवाञ्छित फल र मोक्ष प्राप्त हुने जनविश्वास छ । उक्त महोत्सव पहिले एक महिनासम्म भव्यरूपमा मनाउने गरिएकामा अहिले एक सातासम्म मनाउने गरिन्छ । विवाह पञ्चमीमा देशभरका राम सीता मन्दिरमा पनि विशेष पूजा आराधना र महोत्सव गरिन्छ । आजको दिन विवाह गर्न साइत नचाहिने मान्यता समेत छ ।

### राष्ट्रपतिको सन्देश

राष्ट्रपति विद्यादेवी भण्डारीले विवाह पञ्चमीका अवसरमा शुभकामना सन्देश दिँदै यस पर्वले सम्पूर्ण नेपालीमा बृहत् राष्ट्रिय एकताको भावनालाई थप सुदृढ बनाउन प्रेरणा मिल्ने कामना गरेकी छन् ।

राष्ट्रपति भण्डारीले दिएको सन्देशमा सो पर्वले समतामूलक, सभ्य र सुसंस्कृत समाजको निर्माणका लागि अग्रसर हुन सबैलाई प्रेरणा मिलोस् भन्ने कामना गरेकी हुन् ।

## काँग्रेस...

चाँडै निर्णयमा पुग्छौं", एक नेताले भने । अर्को बैठक आज बिहान ९ बजे फेरि बस्ने भएको छ । त्यसअघि सिंह र कोइराला बीच सहमति जुटाउनेगरी छलफल सकिएको केन्द्रीय सदस्य रामकृष्ण यादवले बताए। म्गलबारको बैठकमा वरिष्ठ नेता पौडेल, महामन्त्री कोइराला, पूर्वमहामन्त्री सिंह र शेखर कोइरालाले दावी प्रस्तुत गरे । नेताहरुका अनुसार, बुधबार बिहान आफ्नो समूहका केन्द्रीय सदस्य, जिल्ला सभापति र पूर्वजिल्ला सभापतिसँग समेत रायपरामर्श गर्नेछन् । मंगलबार दिउँसो १ देखि साँझ ७ बजेसम्म चलेको छलफलमा कोषाध्यक्ष सीतादेवी यादव, नेता रामशरण महत, बलबहादुर केसी, मीनेन्द्र रिजाल, दिलबहादुर घर्ती, भन्द्र भण्डारी, बद्री पाण्डे, धनराज गुरुङ, जीवन परियार लगायत थिए ।

## प्यानल...

प्रधानमन्त्रीले पार्टीलाई कसरी बहुमत ल्याउँछ ?", देउवाले आफू निकटलाई भन्ने गरेका छन्, "म त चुनावी सरकारको प्रधानमन्त्री हुँ नि ।" देउवा गएको २९ असारमा पाँच दलीय गठबन्धनको प्रधानमन्त्री बनेका हुन् ।

गठबन्धन जोगाउँदै चुनाव गराउन पनि सभापतिमा फेरि जित्नुपर्ने देउवाको भनाइ छ । तर १२औं र १३औं महाधिवेशनमा बलियो साथ दिएका उपसभापति विमलेन्द्र निधिले देउवालाई यसपटक सहयोग नगर्ने घोषणा गरेका छन् । आफै सभापति लड्ने तयारीमा रहेका निधिलाई सकेसम्म फकाउन देउवा लागिपरको छन् । १३औं महाधिवेशनमा निधि सहितको आफ्नो समूहलाई पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले साथ दिएका थिए । पहिलो चरणको निर्वाचनमा ५० प्रतिशत मत कटाउन नसकेपछि सिटौलाले देउवालाई साथ दिएका थिए । यसपटक पनि प्रदेश-१ र बागमतीमा देउवा-सिटौलाबीच सहकार्य भएको छ। त्यसैले देउवालाई फेरि नेतृत्वमा दोहोरिन निधि र सिटौला मिलाउनुपर्ने चुनौती छ ।

अझ आफ्नै समूहका नेताहरुको पदीय व्यवस्थापन थप चुनौती छ । अघिल्लो पटक सभापति, महामन्त्री र कोषाध्यक्ष पदको मात्रै चुनाव भएको थियो। त्यसैले पछि मनोनित पदाधिकारी बनाउने आश्वाशन दिन देउवालाई सजिलो थियो । तर यसपटक सबै पदमा चुनाव हुँदैछ । पदाधिकारी संख्या पनि बढेको छ । यसपटक एक सभापति, दुई उपसभापति, दुई महामन्त्री र आठ सहमहामन्त्री सहित १६८ केन्द्रीय सदस्य प्रत्यक्ष निर्वाचित हुँदैछन्। त्यसैले आकांक्षी नेताहरुको संख्या पनि ठूलो छ । सबैलाई मिलाएर अगाडि नबढे चुनाव जित्न कठिन हुने भएकाले पनि देउवाले आन्तरिक गृहकार्य सघन बनाएका छन् । यसअघि १०औं र १२औं महाधिवेशनमा देउवा सभापतिमा पराजित भएका थिए । १०औंमा गिरिजाप्रसाद कोइराला र १२औंमा सुशील कोइरालासँग देउवा पराजित भए । ११औं महाधिवेशन देउवाले पार्टी विभाजित गरेका थिए । उनी नेपाली काँग्रेस प्रजातान्त्रिकको सभापति थिए । तर १३औं महाधिवेशनमा पौडेललाई पराजित गर्दै सभापति बनेका थिए ।

## ओझेलमा....

निर्धारणको काम ओझेलमा परेकाले यसपटक नयाँ नेतृत्व छनोटमै कांग्रेस महाधिवेशन सीमित हुने पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले बताए । नवनिर्वाचित कार्यसमितिले नीतिका विषयमा छलफल र निर्णय गर्न अर्को नीतिगत महाधिवेशन गर्ने निर्णय कांग्रेस केन्द्रीय कार्यसमितिले यसअघि नै गरिसकेको छ ।

नीतिगत विषयमा महाधिवेशनमा छलफल नहुने भए पनि पार्टीका विभिन्न नेताले पुस्तक, अवधारणमार्फत विचार भने सार्वजनिक गरिरहेका छन् । महाधिवेशनको सेरोफेरोमा सार्वजनिक गरिएका पुस्तक एवं अवधारणामा कांग्रेसले विभिन्न विषयमा अब लिनुपर्ने बाटोका बारेमा नेताहरुले आफ्ना विचार राखेका हुन्।

यसपटकको १४औं महाधिवेशन कुनै पनि नीतिगत प्रतिवेदनमा छलफल नगरी सिधै नयाँ नेतृत्व छनोटमा प्रवेश गर्ने भएको छ। यद्यपि महामन्त्रीको साङ्गठनिक, कोषाध्यक्षको आर्थिक र यसअघिको महासमिति बैठकपछि महाधिवेशनले पारित गर्ने गरी गरिएका निर्णयसम्बन्धी अनुमोदन प्रतिवेदन भने पेस गरिने प्रवक्ता शर्माले बताए ।

महाधिवेशनले आफ्नो अधिकार केन्द्रीय महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय सभापतिलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था पनि पार्टी विधानको दफा १६ को उपदफा २ मा गरेको छ । यो व्यवस्थाबमोजिम नीति निर्माणका लागि अर्को महाधिवेशन गर्ने तयारी कांग्रेसको छ । कांग्रेस विधानको दफा १७ को उपदफा ३ मा केन्द्रीय महाधिवेशनको एक महिना अगाडि केन्द्रीय महाधिवेशनका प्रतिनिधिले आ-आफ्नो जिल्लामार्फत केन्द्रीय महाधिवेशनमा प्रस्तुत गरिने प्रस्ताव केन्द्रमा बुझाउनुपर्ने व्यवस्था छ। धेरै प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा एक महिनाकै बीचमा क्षेत्रीय अधिवेशन भएकाले महाधिवेशन प्रतिनिधिले प्रस्ताव दर्ता गर्न पाएका छैनन् । यसैले गर्दा नीति निर्धारणका लागि पनि छुट्टै महाधिवेशन गर्नुपरेको हो।

देशको समसामयिक राजनीतिक विषय/राष्ट्रिय तथा अन्तर राष्ट्रियरूपमा पार्टीले लिनुपर्ने नीति निर्माणमा सहयोग पुऱ्याउने केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको व्यवस्था गरिएको छ । पार्टीको १२औं महाधिवेशनपछि प्रतिष्ठान गठन भएको हो । उपसभापतिले प्रतिष्ठानको नेतृत्व गर्ने वैधानिक व्यवस्थापछि पहिलोपटक वरिष्ठ नेता रामचन्द्र पौडेलले संयोजन गरी नीति सम्बन्धी काम गरे ।

## दलहरूसँग...

आफूविरुद्ध परेका मुद्दाको अदालतमा लिखित जवाफ पठाउन मात्रै ५६ हजार हस्ताक्षर गरेको भन्दै हरेक माइन्युट अदालत लिएर जानुपर्ने यस्तो कानूनी र प्रक्रियागत रूपमा सच्याउनुपर्ने बताए ।

बार अध्यक्ष चण्डेश्वर श्रेष्ठले एमालेको सहयोगबिना महाअभियोग पारित नहुने भएकाले सघाउन आग्रह गरेका थिए । सबै दल नमिल्दा महाअभियोग पास नहुने अवस्था आएको भन्दै जिम्मेवार प्रतिपक्ष बन्न आग्रह गरेका थिए । बारका पदाधिकारीले ओलीलाई भेट्दा उपाध्यक्षद्वय सुवास नेम्वाङ र विष्णु पौडेल पनि सँगै थिए । बारका तर्फबाट भने अध्यक्ष श्रेष्ठ, सर्वोच्च बारका अध्यक्ष पूर्णमान शाक्य, पूर्वाध्यक्ष शम्भु थापा, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी, रमण श्रेष्ठ लगायत थिए ।

यसअघि बारले नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी र जनता समाजवादी पार्टी (जसपा) का प्रमुखहरुसँग पनि भेटेका थिए ।

## संघको...

क्षेत्री र अर्का पूर्व अध्यक्ष तथा संघका पूर्व महासचिव नरेश गेलाल अध्यक्षमा उठ्ने चर्चा छ। निवर्तमान अध्यक्ष गुरूङले सर्वसम्मत भएमात्र अध्यक्षको उम्मेद्वार बन्ने तर साथीहरूका बीचमा प्रतिस्पर्धा गरेर अध्यक्षको उम्मेद्वार नबन्ने आफुनिकट व्यवसायीहरूलाई बताउने गरेका छन् ।

केही समयअघि मञ्चबाट मञ्चका संस्थापक अध्यक्ष सरोज पोखरेल पनि अध्यक्षमा पुनः एक पटक उम्मेद्वार बन्न इच्छुक रहेको बताइए पनि हाल उनी पार्टी भूगोलको राजनीतिमा लागेका कारण उतै समय दिने बुझिएको छ । मञ्चले संघमा उठाउने उम्मेद्वारबारे ठोस् रूपमा छलफल गर्न बाँकी रहेको भन्दै कार्यवाहक अध्यक्ष भण्डारीले मंगलबारको बैठकमा सम्भावित उम्मेद्वारबारे पनि छलफल गर्ने जानकारी दिए ।

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले संघका पूर्व प्रथम उपाध्यक्ष ज्ञान प्रसाद गैरेको नेतृत्वमा चुनाव लड्ने तयारी गरिरहेको छ। केही समयअघि उक्त संगठनमा प्रवेश गरेका गैरेलाई कतिपयले सोही समयदेखि संगठनको तर्फबाट अध्यक्षको उम्मेद्वारको रूपमा अर्थ्याउने गरेका थिए । संघको आगामी चुनावमा सरकारमा सहभागी दल निकट व्यवसायीहरूको एउटा प्यानल र सरकार बाहिर रहेका दल निकट व्यवसायीहरूको अर्को प्यानल बन्ने आंकलन पनि गरिएको छ ।

## कतारमा...

वैध हुने प्रक्रियाको अन्तिम म्याद यही डिसेम्बर ३१ सम्म रहेको छ ।

यसैबीच उक्त कानून तथा नीतिलाई सम्पूर्ण नेपाली श्रमिकहरूसमक्ष पुऱ्याउन नेपाली दूतावास कतार र गैर आवासीय नेपाली संघ (एनआरएनए) कतारले सचेतनामूलक कार्यक्रमको आयोजना गर्न लागेको दूतावासले सूचना मार्फत जनाएको छ ।

यही डिसेम्बर १० तारिख शुक्रबार भर्चुअल माध्यमबाट नेपालीहरू लक्षित सचेतना कार्यक्रम गर्न लागिएको एनआरएनए कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानले मध्यान्हलाई जानकारी गराए ।

कतारमा अवैधरूपमा बसोबास गर्ने सम्पूर्ण नेपालीहरूलाई सहभागी हुन, सरकारले प्रदान गरेको सुविधाको उपयोग गर्न र सबैलाई सुसूचित गर्न कार्यक्रममा सबै जोडिन एनआरएनए कतारका महासचिव पदम गिरीले अनुरोध गरेका छन् । कार्यक्रम मध्यान्ह साढे १२ बजेबाट शुरु हुनेछ भने नेपाली दूतावास कतारको अफिसियल फेसबुक पेजबाट लाइभ हुने दूतावासले जनाएको छ ।


## साउदीमा रोजगार | १. कम्पनी : ABDULLAH NASHI AL NASHI TRADING EST
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२१ | चलानी नं.: ६०१६९८१० | LT. No.: 252766

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Representative | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,७६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 1 | 0 | | 1800 | ५७,७६२ | | | | | | | |
| 3. | Electric Building | 1 | 0 | | 1800 | ५७,७६२ | | | | | | | |

२. कम्पनी : BUILT CONTRACTING COMPANY शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२१ | चलानी नं.: ६०१६९७६० | LT. No.: 253084

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole Vehicle Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,७६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Paved | 10 | 0 | | 1200 | ३८,५०८ | | | | | | | |
| 3. | Paint Buildings | 10 | 0 | | 1200 | ३८,५०८ | | | | | | | |
| 4. | Melissa | 40 | 0 | | 1200 | ३८,५०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २९ गते (15 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

## साउदीमा रोजगार | कम्पनी : THE WONDERFUL WORLD KITCHEN WORKSHOP.
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०७/१२ | चलानी नं.: ६०१६६५८३ | L.T. No.:249007 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २९ गते (15 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Kankai Recruitment suppliers Pvt. Ltd.**
Gov. Lic No. 946/067/068
Basundhara, Kathmandu, Nepal. Mobile : 9851144845
Tel: 01-4954490, Email: kankairecruitment4@gmail.com

## कतार र साउदीमा रोजगार | १.कम्पनी: ARCTIC COOLING COMPANY
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७७/१०/२८ | चलानी नं.: ६०१५४४८९ | LT. No.: 236013 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Condition Tech | 1 | 0 | स. काममा दक्ष | 1500 | ४७,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: MONA ATNAN AL -RUWAILI TRADING COMPANY(ONE PERSON CO.) शहर : AL JOUF

पूर्व स्वीकृत मितिः २०७८/०६/१४ | चलानी नं.: ६०१६४४२४ | LT. No.: 243060 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Whole Vehicle Driver | 2 | 0 | | 1800 | ५६,७९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २९ गते (15 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nepal Life Recrutiment Agency Pvt. Ltd.**
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com

## ब्यूटिशियनको लागि ओमानमा रोजगारको अवसर

१. कम्पनी: GLOBAL PRIME TRADING शहर: Oman

पूर्व स्वीकृत मितिः २०७८/०८/०९ | चलानी नं.: ६०१६ | LT. No.: 251920 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 170 | ५२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicurist | 0 | 1 | | 170 | ५२,५५० | | | | | | | |

नोटः काम नजानेकोलाई तालिमको व्यवस्था छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २८ गते (14 December 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu
Mob.: 9851164164, 9823581900 | Tel.: 4488231
E-mail : skymanpower200@gmail.com, Web.www.skymanpower.com

## SAUDI र QATAR मा रोजगार | १. कम्पनी : Al Mawarid Recruitment Co.
शहर:KSA

पूर्व स्वीकृत मितिः २०७८/०८/२१ | चलानी नं.: ६०१६९८११ | LT. No.: 253183

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Common Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : HOLIDAY VILLA HOTEL AND RESIDENCE शहर:DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/२१ | चलानी नं.: ६०१६९८१२ | LT. No.: 253029

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 11 | 0 | स. काममा दक्ष | 1400 | ४६,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २९ गते (15 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com

## साउदी र कतारमा रोजगार | १. कम्पनी: TANJIAH RESTAURANT
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२० | चलानी नं.: ६०१६९८०५ | L.T. No.: 252606

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: GREEN SHORE FUEL STATION शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२० | चलानी नं.: ६०१६९८०४ | L.T. No.: 252515

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Vehicle Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५७,७६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: CONSTRUCTION FULLEST TRADING EST शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२१ | चलानी नं.: ६०१६९८०३ | L.T. No.: 252749

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Loading And Un Loading | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: TAULIF FAST FOOD RESTAURANT. शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२१ | चलानी नं.: ६०१६९८०२ | L.T. No.: 252607

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: AL BUKHAMIS TRADING & CONT. CO. LTD शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/२१ | चलानी नं.: ६०१६९८०१ | L.T. No.: 252723

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GUARD | 5 | 0 | स. काममा दक्ष | 1500 | ४९,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २९ गते (15 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.न. ५ को रु. १०,०००/- अन्यको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Rightway Enterprises Pvt. Ltd.**
Govt.Lic.No.: 517/061/062
Aalokngar Minbhawan, Kathmandu
Email: cv2hrdepart@gmail.com
Tel.: 01-4106275, 4106276 | Mob.: 9808079942, 9823859301, 9851152281

# ८७ लाख बढीले लगाए कोरोनाविरुद्धको पूर्ण खोप

**काठमाडौं/मस–** नेपालमा हालसम्म ८७ लाख बढीले कोरोनाभाइरस विरुद्धको पूर्ण मात्रा खोप लगाएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार मंगलबारसम्म ८७ लाख ८० हजार ४३३ जनाले पूर्ण मात्रा खोप लगाएका हुन् । यस्तै पहिलो डोज मात्रै खोप लगाउनेको संख्या १ करोड ५० लाख ४ हजार ७६४ पुगेको छ ।

पहिलो र दोस्रो डोज गरी हालसम्म १ करोड ९२ लाख ८५ हजार १९७ मात्रा खोप लगाइसकेको मन्त्रालयको भनाइ छ । मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा १ लाख २७ हजार ७५३ मात्रा खोप लगाइएको छ ।



**थप ३१५ जनामा संक्रमण पुष्टि**

मंगलबार नेपालमा थप ३ सय १५ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

मन्त्रालयका अनुसार ११ हजार ८ सय १० जनाको कोरोना परीक्षण गरिएको थियो । योसँगै सक्रिय संक्रमित संख्या नेपालमा ६ हजार ३५२ पुगेको छ । मंगलबार थप ३०४ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । योसँगै निको हुनेको संख्या आठ लाख पाँच हजार २०५ पुगेको छ । निको हुने दर ९७.८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौं र ललितपुर छन् । दुई सयभन्दा बढी संक्रमित भएका जिल्लामा सुनसरी, भक्तपुर, कास्की, पूर्व नवलपरासी, बाँके र कैलाली छन् ।

यस्तै शून्य संक्रमित भएका जिल्लामा मनाङ, मुस्ताङ, डोल्पा, हुम्ला, सल्यान र मुगु छन् । नेपालमा संक्रमण दर १७.६ प्रतिशत रहेको छ । हाल होम आइसोलेशनमा ६ हजार १३, संस्थागत आइसोलेशनमा ३३९, आइसियुमा १२३ र भेन्टिलेटरमा ३० जनाको उपचार हुँदैछ ।

मंगलबार नेपालमा कोरोनाबाट थप दुई जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५४५ पुगेको छ ।

# अग्निपीडितको नि:शुल्क स्वास्थ्य जाँच

**सुनिता शाही/मध्यान्ह**
मुगु, २१ मंसिर



मुगुको छायाँनाथ रारा नगरपालिका-१ गमगढीका अग्निपीडितको नि:शुल्क स्वास्थ्य जाँच गरिएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतको आयोजनामा उनीहरूलाई एकदिने नि:शुल्क स्वास्थ्य जाँच गरिएको हो ।

कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक गणेशबहादुर ऐरको निर्देशनमा प्रहरी निरीक्षक डा.शत्रुघन बहारदार नेतृत्वको मेडिकल युनिटको टोली औषधि सामग्रीसहित विकट जिल्ला मुगुमा पुगेर नि:शुल्क स्वास्थ्य जाँच गरेको प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक माधवप्रसाद श्रेष्ठले जानकारी दिए ।

कात्तिक २९ गतेको भीषण आगलागीबाट पीडित भएका २१ घरपरिवारका ८० जनालाई नि:शुल्क स्वास्थ्य जाँच गरिएको प्रवक्ता श्रेष्ठले बताए ।

अग्निपीडित, सर्वसाधारण र प्रहरी कर्मचारीका परिवार गरेर २६९ जनालाई नि:शुल्क स्वास्थ्य जाँच गरिएको प्रहरी निरीक्षक डा.शत्रुघन बहरदारले जानकारी दिए ।

विकट जिल्लाका भूपू, अशक्त र बहालवाला प्रहरी कर्मचारीका परिवार, अग्निपीडित सर्वसाधारणलगायतलाई प्रत्यक्षरूपमा नि:शुल्क स्वास्थ्य जाँच गर्ने र औषधि दिने उद्देश्यले स्वास्थ्य शिविर सञ्चालन गरिएको प्रहरी निरीक्षक डा.बहरदारले बताए ।

'शिविरमा श्वासप्रश्वास, हाडजोर्नी, मांसपेशी, पाठेघर, छाला तथा खानपिनबाट लाग्ने रोगको बिरामी भेटिए', उनले भने, 'हामीले स्वास्थ्य जाँचसहित उनीहरूलाई नि:शुल्क औषधि वितरण गरेका छौं ।' उनका अनुसार नि:शुल्क स्वास्थ्य शिविरबाट १४७ महिला, १०१ पुरुष र २१ जना भूपू, असक्त र कार्यरत प्रहरी कर्मचारीका परिवारले नि:शुल्क उपचार सेवा लिएका छन् । त्यस्तै प्रहरी निरीक्षक जगदीश भट्टको नेतृत्वमा यही मङ्सिर २३ गते कालीकोटमा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले जनाएको छ ।

# काठ बिक्री सहज बनाउन माग

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २१ मंसिर

दैलेखमा निजी जग्गामा उत्पादित सालको रुख तथा काठ बिक्री वितरण सहज बनाउन स्थानीयले सरकारवालाहरुलाई माग गरेका छन् ।

पारिवारिक निजी वन संघ नेपाल दैलेखले आयोजना गरेको कार्यक्रममा स्थानीयले उक्त माग गरेका हुन् । उनीहरुले कृषि बाली सरह साल लगायतका प्रजातिमा रुख तथा काठ बेच्न पाउने अधिकार स्थापित हुने गरी कानून निर्माण गर्न स्थानीय सरकारसँग माग गरेका हुन् । कार्याक्रममा किसानले निजी वनमा लगाएको एउटा रुख काट्न पनि झण्झट ब्यहोर्नु परिरहेको पारिवारिक निजी वन संघ नेपाल दैलेखका अध्यक्ष भरतराज अधिकारीले गुनासो गरे ।

अध्यक्ष अधिकारीले भने, 'निजी जमिनमा उत्पादन गरेका सालको रुख, काठ बिक्री वितरणमा सहज कानूनी प्रावधान नहुनु बिडम्बना हो ।'

यस्तै नारायण नगरपालिका दैलेखका मेयर रत्न बहादुर खड्काले आफुले स्थानीय सरकारबाट हुने सहयोग पूरा गर्ने बताए । स्थानीयले सोधेको प्रश्नमा निजी बनमा उत्पादन गरिएका साल लगायका प्रजातिमा रुख तथा काठ बेच्न पाउनुपर्ने कुरामा उनले आफुले स्थानीय सरकारबाट पहल गर्ने बताए ।

# अखाद्य वस्तु बेच्ने बेकरी उद्योगमा ताला

**प्रकाश अधिकारी/मध्यान्ह**
तनहुँ, २१ मंसिर

तनहुँ बन्दीपुर गाउँपालिका-१ डुम्रे बजारस्थित एक बेकरी उद्योगमा जिल्ला प्रशासन कार्यालयले ताला लगाइएको छ ।

सोमबार अनुगमनका क्रममा सडेगलेको र अखाद्य वस्तु भेटिएपछि रजनीश बेकरी उद्योगमा ताला लगाइएको हो ।

उद्योगले व्यवसाय दर्तासमेत नगरी सडेगलेको र अखाद्य वस्तुको प्रयोग गरी बजारमा बिक्री-वितरण गरेको भेटिएपछि ताला लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी चित्रागंत बरालले जानकारी दिए ।

उद्योगको अनुगमन गर्दा उद्योगभित्र सडेगलेको र अखाद्य वस्तुको अत्याधिक प्रयोग गर्ने गरिएको भेटिएको थियो ।

चाडपर्वका बेला मात्र अनुगमन हुने गुनासो आएकाले प्रशासनले अन्य समयमा पनि अनुगमनलाई निरन्तरता दिएको बरालले बताए । उनका अनुसार उद्योग सञ्चालकलाई प्रशासनमा उपस्थित हुन निर्देशन दिइएको छ । 'अखाद्य र म्याद गुज्रिएका उपभोग्य वस्तु बिक्री हुने अवस्थालाई मध्यनजर गर्दै बजार अनुगमन निरन्तरता दिन्छौं', बरालले भने ।

बरालको नेतृत्वको टोलीले डुम्रेबजारका मिठाइ पसल, खाद्यान्न पसल, माछामासु पसल, तरकारी पसल, बीउबिजन र दाना पसलहरूको अनुगमन गरेको थियो ।



अनुगमनका क्रममा दर्ता नगरी व्यवसाय सञ्चालन गरिएको, दर्ता नवीकरण नगरिएको, म्याद गुज्रिएको उपभोग्य वस्तु बिक्रीयोग्य वस्तुसँगै राखिएको, लेवल नराखिएको, बीउबिजन र विषादी पसल एउटै ठाउँमा राखी बिक्री गर्ने गरिएको, अशुद्ध तेलमा खानेकुरा पकाई बिक्री गर्ने गरिएको भेटिएको थियो ।

मिठाइ पसलमा पनि सरसफाइको कमी देखिएको छ । दर्ता तथा नवीकरण नगरेका व्यवसायीहरूलाई समयमै दर्ता तथा नवीकरणका लागि आग्रह गरिएको घरेलु कार्यालयका प्रमुख नारायणप्रसाद ढकालले बताए ।

# नर्सिङ् पढाउन एक सय शैय्याको अस्पताल हुनुपर्ने

**दिलु नेपाल/मध्यान्ह**
चितवन, २१ मंसिर



शिक्षामन्त्री देवेन्द्र पौडेलले आफ्नै एकसय शैय्याको अस्पताल भएका कलेजले मात्र नर्सिङ् पढाउन पाउने बताएका छन् । मंगलबार पत्रकारसँग कुराकानी गर्दै उनले चिकित्सा शिक्षा आयोगले बनाएको ऐनभन्दा बाहिर गएर काम गर्न नसकिने बताएको हो ।

आयोगले दुई वर्ष पहिला बनाएको ऐनमा आफ्नै स्वामित्वमा रहेका कलेजले एकसय शैय्याको अस्पताल बनाउन पाउने उल्लेख गरिएको छ भन्दै उनले भने, 'मापदण्ड पुगेका कलेजले मात्र पढाउन पाउछन् । अन्यको हकमा भने छलफल भइरहेको छ ।' मन्त्रालयमा केही दिनअघि बसेको बैठकले मान्यता प्राप्त एक सय शैय्याका अस्पताल भएका सबै कलेजमा पठनपाठन शुरु गर्न भनिएको मन्त्री पौडेलको भनाइ थियो । पिसिएल नर्सिङको अध्ययन विसं २०८० बाट खारेज गर्ने भनिएकाले अब यसलाई सञ्चालन गर्न नसकिने जानकारी दिएका छन् ।

# वीरगञ्ज सीमामा अनिवार्य स्वास्थ्य परीक्षण



**श्याम कुशवाह/मध्यान्ह**
वीरगञ्ज, २१ मंसिर

कोरोना भाइरसको नयाँ भेरियन्ट 'ओमिक्रोन'को सम्भावित जोखिमलाई ध्यानदिँदै वीरगञ्जमा 'हेल्थडेस्क' स्थापना गरी अनिवार्य स्वास्थ्य परीक्षण थालिएको छ ।

भारतबाट नेपाल प्रवेश यात्रुलाई गर्दा अनिवार्य रुपमा स्वास्थ्य परीक्षणको व्यवस्था गरिएको पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताए । जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) को निर्णय अनुसार भारतबाट आउनेलाई सबैलाई अनिवार्य स्वाथ्य परीक्षण गर्नुपर्ने सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले जानकारी दिए ।

उनका अनुसार वीरगञ्जको शंकराचार्य गेटमा आवागमनमा कडाइ गर्नुका साथै स्वास्थ्य परीक्षण अनिवार्य गरिएको हो । नेपाल र भारत दुवै देशमा कोरोनाको नयाँ भेरियन्ट 'ओमिक्रोन' का सङ्क्रमित भेटिएसँगै नेपालको सीमावर्ती वीरगञ्ज नाकामा उच्च सतर्कता बढाइएको छ ।

भारतमा ओमिक्रोनका संक्रमित भेटिएसँगै पुन:जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रमार्फत आवश्यक सजगता अपाउने गरी तयारी अघि बढाइएको पर्साका प्रजिअ ढकालले जानकारी दिए । यसैबीच स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वीरगञ्जस्थित सूर्य हस्पिटलले 'आमा सुरक्षा' कार्यक्रम सञ्चालन गर्न अनुमति दिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६८/०४/०१ मा दर्ता भएको **प्रा.लि. नं. ८४५२७** को **दिपक कम्युनिकेशन प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**मेगा बैंक नेपाल लिमिटेडको**
**बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना**

भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं. ४ निवासी चिरन्जीवि प्रसाद उपाध्यायको नाति, गणेश प्रसाद उपाध्यायको छोरा हरिकृष्ण उपाध्यायको मिति २०७८/०१/२६ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको जावलाखेल शाखामा रहेका बचत खाता नम्बर ००७००५००६९०५४ बन्द गरी उक्त खातामा रहेको रकम मृतकको छोरा अरुण कुमार तिमिल्सिनाले पाँउ भनि कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खाता उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र अधिकारवाला हकदारले सबुद प्रमाण सहित दावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निवेदन नपरेको अवस्थामा निवेदकको माग बमोजिम उक्त खाताको रकम प्रचलित कानून बमोजिम निवेदकलाई प्रदान गर्ने सम्बन्धमा निर्णय गरिने व्यहोरा जानकारी गराईन्छ ।

MEGA
**मेगा बैंक नेपाल लिमिटेड**, राईजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल
पोष्ट बक्स. नं. २६५५९, फोन नं.: ९७७-०१-४१६९२१७

## INVITATION FOR BIDS

**IFB No: 02/078-079**
**First Date of publication: 2078/08/22 (8th Dec 2021)**

1. Bagamati Province Government has allocated funds towards the cost of Procurement of following work mentioned in table. Bidding is open to all eligible bidders as per Section V of bidding documents.
2. Infrastructure Development Office, Sindhupalchok invites electronic bids from eligible bidders under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications mentioned in table should participate in this bidding:
3. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the office of Infrastructure Development Office, Sindhupalchok or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder should submit their bid electronically and may download the bidding document for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit amount specified in table below as the cost of bidding document in the Office's Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Nepal Bank Ltd., Chautara, Sindhupalchok**
   Name of Office: **Infrastructure Development Office, Sindhupalchok**
   Office Code no.: **3370127013** Office Account no.: **27202000001001000001** Rajaswa (revenue) Shirshak no.: **14229**
5. Pre-bid meeting shall be held at Infrastructure Development Office, Sindhupalchok on 2078/09/13 (28th Dec 2021) at **12:00 hrs**.
6. Electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 hrs** on **2078/09/23 (7th Jan 2022).**
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hrs** on **2078/09/23 (7th Jan 2022)** at the office of Infrastructure Development Office, Sindhupalchok. Bids must be valid for a period mentioned in table after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum as **mentioned in table**, which shall be valid for **30 days** beyond the validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | Description of Work and Contract Id No. | Bid Security Amount | Bid Validity Period | Cost of Bid document | AACT | Value of work that is similar in size and nature |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading of Sunkhani Sangwa Road, Kalinchowk Rural Mun, Dolakha [IDOSIN/W/NCB/15/078-79] | NRS 11.44 Million | 120 days | 20,000.00 | NRS 303.88 Million | As per Section-III Evaluation & Qualification Criteria 2.4.2 Specific construction Experience (a) Contracts of Similar size & nature of respective bid document |

**Senior Divisional Engineer**
**Infrastructure Development Office, Sindhupalchok**

**QATAR मा रोजगार** | कम्पनी : **CAMBRIDGE CONSULTANT MEDICAL CENTER**
शहर: **DOHA**

पूर्व स्वीकृत मिति: २०७८/०८/२१ चलानी नं.: ६०१६९७८१ **LT. No.: 253082**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर २९ गते (15 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

VMS
**वास्तु म्यानेजमेन्ट सर्भिस प्रा. लि.**
Sinamangal-9, Kathmandu, Nepal, **Tel. : 01-4461217, 4461317, Mob.: 9808772723**
**E-mail :** info@vmsnepal.com, **Website :** www.vmsnepal.com
श्रम इजाजत नं. ९२६/०६७/०६८

Hilton Academy Pvt.Ltd. A great place for career

**HOSPITALITY TRAINING**
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
**Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation**
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने **Professional Diploma in Hotel Management (PDHM)**
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा **ADMISSION OPEN** गरिएको जानकारी गराउदछौ

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

### प्रतिनिधिहरुको परीक्षा

संवैधानिक सीमाभित्र महाधिवेशन गर्न नसकेको नेपाली काँग्रेस यतिबेला नेतृत्व चयनमा केन्द्रीत भएको छ । २४-२६ मंसिरमा तोकिएको १४औं महाधिवेशनबाट नेतृत्व चयन हुने हुँदा शीर्ष नेताहरूको दौडधुप बढेको छ । सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा फेरि नेतृत्वमा दोहोरिने तयारी साथ लगातार भेटवार्तामा छन् । सोमबार सरकारी निवासमा पत्रकारहरूसँग काँग्रेसलाई आगामी निर्वाचनबाट बहुमत दिलाउन पनि आफूले सभापति जित्नुपर्ने तर्क गरे । देउवाको भनाइ छ- म चुनावी सरकारको प्रधानमन्त्री हुँ, तर पार्टी सभापतिमा हारेपछि काँग्रेसले कसरी बहुमत ल्याउँछ । उपसभापति विमलेन्द्र निधिले साथ छोड्ने संकेत दिएकाले पनि देउवा पार्टीभित्र बहुमत जुटाउन आन्तरिक गृहकार्यमा छन् ।

संस्थापन इतर समूहले भने सभापतिमा साझा उम्मेद्वार समेत तय गर्न सकेको छैन । मंगलबार साँझसम्म चाक्सीबारीमा चलेको यो समूहका नेताहरूको छलफलले पनि उम्मेद्वार टुंग्याउन सकेन । बरिष्ठ नेता रामचन्द्र पौडेलले पूर्वमहामन्त्री प्रकाशमान सिंह र केन्द्रीय सदस्य शेखर कोइराला बीच सहमति जुटेमा आफू उम्मेद्वार नबन्ने सर्त राखेका छन् । यदि सर्तअनुसार सिंह र कोइरालाबीच सहमति जुटेमा पौडेल सभापतिको उम्मेद्वार बन्ने दौडबाट बाहिरिनेछन् । यो सर्तकै आधारमा साझा उम्मेद्वार बन्यो भन्न सकिन्न । अर्थात् काँग्रेसले महाधिवेशन आउन दुई दिन बाँकी रहँदा पनि उम्मेद्वारी समेत टुंग्याउन सकेको छैन । त्यसैपनि पार्टी विधान र संविधानको व्यवस्था अनुसार काँग्रेसले महाधिवेशन गर्न सकेन । सरकारको नेतृत्व गरिरहेको दलले नै विधान र संविधान अनुसार काम गर्न नसकेर विधिको शासन र संविधानको सर्वोच्चता पालना गर्ने शक्ति पालना गरेन ।


यसको अर्थ काँग्रेस नेतृत्व मुलुकको आवश्यकता र संविधानको सर्वोच्चको भावना पालना गर्न असफल भएको छ । राष्ट्रिय राजनीतिमा काँग्रेसको भूमिका अझ कमजोर छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले गरेका जनभावना र संविधानको मर्म बिपरीतका कार्यहरूमा काँग्रेस सशक्त रूपमा प्रस्तुत हुन सकेन । गएको वर्ष संविधानमै नभएको अधिकार प्रयोग गरी ओलीले संसद् विघटन गर्दा पनि काँग्रेस एक भएर प्रतिरोधमा उत्रन सकेन । अर्थात् पार्टीभित्र र बाहिर समेत काँग्रेस नेतृत्व चुक्दै आएको छ । महाधिवेशन उद्घाटन हुनु दुई दिन बाँकी रहँदा पनि देखिएको अस्पष्टताले त्यो प्रमाणित हुन्छ । तर महाधिवेशनको अवधिमा भने काँग्रेसका प्रतिनिधिहरूको परीक्षा हुनेछ । मुलुक र पार्टीलाई नेतृत्व दिन सक्ने नेताहरूको पंक्ति निर्माण गर्नु उनीहरूको दायित्व हुनेछ ।

# नेपाली कम्युनिष्ट आन्दोलनको समीक्षा

अग्रलेख



● हस्तबहादुर के.सी.



विं. सं. २००५ सालमा पुष्पलाल श्रेष्ठले कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सद्वारा लिखित तथा सन् १८४८ फेब्रुअरी १२ मा लण्डनबाट जारी गरिएको विश्वविख्यात कम्युनिष्ट घोषणापत्र नेपालीमा अनुवाद गरेर नेपालमा पहिलोपटक मार्क्सवाद भित्र्याएपश्चात यसको व्यापक प्रचार भएको थियो । वि.सं.२००६ साल वैशाख १० गते (सन् १९४९ अप्रिल २२ तारिख)का दिन पुष्पलालकै पहलकदमी र नेतृत्वमा भारतको कोलकत्तामा नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरिएको थियो । नेकपाको स्थापना भएको ठिक दुई दिन पछि वैशाख १२ नेपाल कम्युनिष्ट पार्टीको पहिलो पर्चा प्रकाशित गरिएको थियो । त्यतिबेलै तत्कालीन नवगठित नेकपाका महामन्त्री पुष्पलालले तत्कालिन नेपाली समाजको वर्ग विश्लेषण गरेका थिए र नेपाल एक अर्धसामन्ती र अर्ध उपनिवेशिक मुलुक रहेको विश्लेषण गरेर यस देशमा गरिने क्रान्ति नयाँ जनवादी क्रान्ति हुने ठोस गरिएको थियो ।

नवगठित नेपाल कम्यनिष्ट पार्टीले मार्क्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधारालाई पार्टीको पथप्रदर्शक सिद्धान्त, मार्गदर्शक सिद्धान्तको रुमपा स्वीकार गर्ने निर्णय गरेको थियो । र नेकपाद्वारा मजदुर किसानलाई नेपाली नयाँ जनवादी क्रान्तिका मुख्य शक्तिका रुपमा घोषणा गरिएको थियो। त्यसयता सिंगो नेपाली कम्यनिष्ट आन्दोलनको क्रान्तिकारी धाराले अगाडि बढारहेको छ । महान् नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न नगरुन्जेलसम्म यो धारा रोकिने छैन ।

२००८ सालमा पहिलो राष्ट्रिय सम्मेलन सम्पन्न गरिएको थियो र पुष्पलाललाई महामन्त्रीमा निर्वाचित गरिएको थियो । प्रथम राष्ट्रिय सम्मेलनमा नयाँ जनवादी कार्यक्रमका रुपमा पार्टीको आधारभूत कार्यक्रम ठोस गरिएको थियो र पार्टीको न्यूनतम लक्ष्य नयाँ जनवाद र अधिकतम लक्ष्य वैज्ञानिक समाजवाद तथा साम्यवादलाई बनाइएको थियो ।

२०१० सालमा पार्टीको पहिलो राष्ट्रिय महाधिवेशन सम्पन्न भयो । यस महाधिवेशनबाट पुष्पलाललाई हटाएर राजवादी रुझान राख्ने मनमोहन अधिकारीलाई महामन्त्री बनाइयो । २०१० साल माघ २६ गते तत्कालिन नेपाली कांग्रेसको सरकारले कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो ।

२०१३ साल वैशाख ३ गते महामन्त्री मनमोहन अधिकारीले पार्टीले राजाको वैधानिक अधिनायकत्वलाई अंगिकार गर्ने पत्र पठाएपछि २०१३ वैशाख ४ गते सरकारले ५ वर्षदेखि लगाउदै आएको प्रतिबन्ध हटाई दियो । त्यसदिन देखि नेपाली कम्युनिष्ट आन्दोलनभित्र दक्षिणपन्थी संशोधनवादलाई विधिवत रुपमा प्रवेश गराइयो ।

२०१४ सालमा दोस्रो राष्ट्रिय महाधिवेशन सम्पन्न गरियो । राजतन्त्र पक्षधर डा. केशरजंग रायमाझीलाई महामन्त्री बनाइयो । महाधिवेशनमा नयाँ जनवादको पक्षपोषण गरिए पनि दस्तावेजमा उल्लेख गरिएन । तर गणतन्त्रको नारा भने पारित गरिएको थियो । २०१५ सालको पहिलो संसदीय आम निर्वाचनमा पार्टीद्वारा भाग लिने निर्णय गरियो र चार सीट जित्न सफल भयो ।

२०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रद्वारा गरिएको फौजीकाण्डपश्चात २०१७ फाल्गुनमा भारतको दरभंगामा नेकपाको केन्द्रीय प्लेनम आयोजित गरिएको थियो । त्यहाँ राजनीतिक कार्यनीतिका रुपमा संविधानसभाको निर्वाचनलाई स्वीकार गरियो । तर त्यसलाई केन्द्रीय समितिले मानेन । २०१९ सालमा सम्पन्न पार्टीको तेस्रो महाधिवेशनमा पार्टी भित्र रुसी आधुनिक संशोधनवादको प्रभाव बढ्न गयो ।

आधारभूत राजनीतिक रुपमा 'राष्ट्रिय प्रजातन्त्र' र मूल राजनीतिक कार्यनीतिका रुपमा सर्वसत्तासम्पन्न सार्वभौम संसदलाई स्वीकार गरियो । दरबारपरस्त डा. रायमाझीलाई गद्धार घोषणा गरेर पार्टीबाट निष्काशन गरियो र तुल्सीलाल अमात्यलाई महामन्त्री बनाइयो । तेस्रो महाधिवेशन पश्चात पार्टीभित्र तीब्र दुइलाइन संघर्ष चल्यो ।

यस प्रक्रियामा तुलसीलालको 'कुन बाटो' र पुष्पलालको 'मूल बाटो' का बिच तीव्र विवाद भयो । रुपमा मूल बाटो केही सकारात्मक जस्तो देखिए पनि सारमा दुबैका बिच तात्विक अन्तर थिएन । यसै क्रममा अर्थात २०२१/२२ तीरबाट पार्टी विभिन्न समूहमा विभाजित भएर छिन्न भिन्न हुन पुग्यो । पार्टीमा विभाजनको त्यस प्रक्रियामा मूलतः दक्षिणपन्थी संशोधनवादी धारामा राजतन्त्रवादी रायमाझी समूह तथा खुश्चोभ पक्षीय राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम स्वीकार्ने तुलसीलाल समूह देखा परे भने क्रान्तिकारी धारामा मार्क्सवाद-लेनिनवाद-माओ विचारधारा तथा नयाँ जनवाद पक्षधर पुष्पलाल समूह देखा परे ।

> ६९ वर्षको लामो नेपाली कम्युनिष्ट आन्दोलनलाई फर्केर हेर्दा र यसको सिंहावलोकन गर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने यस आन्दोलनभित्र विभिन्न बहानाबाजी र तीकडम गर्दै घुस्न सफल भएको दक्षिणपन्थी अवसरवादलाई जरैदेखि उखेलेर नफ्याकेसम्म, नयाँ ढंगको क्रान्तिकारी पार्टी निर्माण गर्न र क्रान्तिलाई लक्ष्यसम्म पुर्‍याउन सम्भव छैन ।

२०२५ सालमा पुष्पलाल समूहले भारतको गोरखपुरमा तेस्रो राष्ट्रिय सम्मेलन गर्‍यो र नयाँ जनवादी क्रान्तिको कार्यक्रम पारित गर्‍यो । पुष्पलाललाई महासचिवमा निर्वाचित गर्‍यो । २०२८ सालमा झापामा सशस्त्र विद्रोह गर्ने समूह तथा ३) २०२८ सालमा केन्द्रीय न्यूक्लियस गठन गरि २०३१ सालमा चौथो महाधिवेशन सम्पन्न गर्ने समूहका रुपमा विकसित हुन पुगे ।

२०३१ सालमा चौथो महाधिवेशन सम्पन्न भयो । यसमा नयाँ जनवादको आधारभूत राजनीतिक कार्यक्रम र देशभक्त तथा जनतान्त्रिक शक्तिहरुको सरकारको मूल राजनीतिक कार्यनीति पारित गरियो । यस महाधिवेशनबाट मोहनविक्रम सिहंलाई महामन्त्री बनाइयो ।

२०२८ सालमा सशस्त्र झापा विद्रोह गर्ने समूहले २०३२ सालमा कोअर्डिनेशन कमिटी कोके (माले) समूह गठन गरेर अगाडि बढ्यो । यस समूहले जनवादलाई मूल राजनीतिक कार्यनीति तय गर्‍यो । २०३५ साल साउन ७ गते पुष्पलालको निधन भयो । पुष्पलाल समूहले आफ्नो नीतिमा कुनै फेरबदल गरेन । कोअर्डिनेशन कमिटी ( कोके माले) ले २०३५ पुस ११ गते पार्टी पुनर्गठन गर्न गरेर नेकपा (माले) बनायो । मूल राजनीतिक कार्यदिशा नयाँ जनवादलाई कायमै राख्यो र मार्क्सवाद-लेनिनवाद-माओविचार धारालाई पथप्रदर्शक सिद्धान्त अंगिकार गर्ने नीति लियो ।

अर्कोतिर चौममा पार्टीभित्र क्रान्तिकारी र अवसरवादी पक्षबिच अन्तरसंघर्ष चल्दै गयो । यस प्रकारका अन्तरसंघर्षहरुमा कैयौं अस्वस्थ प्रकारका थिए । यसैक्रममा २०३७ वैशाख २० गते सम्पन्न जनमतसंग्रहमा बहुदलको पक्षमा जाने नीति स्वीकार गरियो । त्यसैक्रममा विश्वमा सञ्चाल भइरहेका विभिन्न समाजवादी देशहरु सहित चीनमा प्रतिक्रान्ति भएको कुरा पनि स्वीकार गरियो । अन्ततः अस्वस्थ दुइलाइन संघर्षका साथै कतिपय वैचारिक मतभेदका कारण पार्टी विभाजन भयो । लामा समूह अलगियो । नेकपा (मशाल) गठन गरियो ।

२०४१ सालमा पार्टीले पाचौं राष्ट्रिय महाधिवेशन सम्पन्न गर्‍यो । नयाँ जनवाद तथा दीर्घकालिन जनयुद्धमा आधारित आम कार्यदिशा पारित गरियो । देशभक्त तथा जनतान्त्रिक शक्तिहरुको सरकारको मूल राजनीतिक कार्यदिशालाई हटायो । सत्ता जनतामा हस्तान्तरणको राजनीतिक कार्यनीति स्वीकार गर्‍यो । त्यसभित्र पनि दुइलाइन संघर्ष शुरु भयो । अस्वस्थ दुई लाइन संघर्ष र कतिपय बैचारिक मतभेदक कारण पार्टी पुनः दुई समूह-नेकपा (मशाल) र नेकपा (मसाल) मा विभाजन हुन पुग्यो ।

यस क्रममा नेपाली कम्युनिष्ट आन्दोलनमा विभाजन र उपविभाजनका क्रम अझै अगाडि बढे । पुष्पलाल समूहमा विभाजन प्रक्रिया अगाडि बढ्यो । राष्ट्रिय सांस्कृतिक मोर्चा, रोहित समूह, रुपलाल समूह आदि बने । पुष्पलालबाट अलगिएको राष्ट्रिय मुक्ति मोर्चा समूह झापा विद्रोह समूहबाट बनेको माले सुमहमा आबद्ध हुन पुग्यो । यस क्रममा विभिन्न खाले एकीकरण र ध्रुवीकरणका प्रक्रिया अघि बढे ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलनपश्चात यस प्रकारको एकीकरणको प्रक्रिया तीव्र रुपमा अगाडि बढ्यो । यसै क्रममा एकातिर २०४७ साल पुष ११ गते नेकपा (माले) र नेकपा (मार्क्सवादी) का बीच एकता भै नेकपा (एमाले) बन्न पुग्यो भने अर्कोतिर नेकपा (मशाल), नेकपा (चौम), अर्थात् लामा समूह, सर्वहारावादी श्रमिकसंगठन तथा विद्रोही मसाल मिलेर एकीकरण प्रक्रिया अगाडि बढ्यो ।

२०४८ सालमा नेकपा (एकता केन्द्र) निर्माण भयो । यसले २०४८ सालमा एकता महाधिवेशन गरि मार्कसवाद-लेनिनवाद-माओवाद, लाई पथप्रदर्शक सिद्धान्त अंगिकार गर्ने र नयाँ जनवाद तथा दीर्घकालिन जनयुद्धको कार्यदिशा अंगीकार गर्‍यो ।

त्यसै क्रममा एमालेभित्र क्रान्तिकारी तथा अवसरवादी पक्षका बिचमा भीषण दुई लाइन संघर्ष चल्यो र अन्ततः २०४९ माघमा आयोजना गरिएको पाचौं राष्ट्रिय महाधिवेशनबाट मदन भण्डारीले प्रस्तुत गरेको जनताको बहुदलीय जनवाद पारित गरियो र नयाँ जनवादलाई परित्याग गरी बहुदलीय जनवादको संशोधनवादी कार्यक्रम तथा कार्यदिशा अंगीकार गर्न पुग्यो ।

दीर्घकालिन जनयुद्धको प्रक्रियामा जाने वा नजाने भन्ने विषयमा गम्भीर मतभेद पैदा भई २०५१ सालमा नेकपा (एकता केन्द्र) विभाजित हुन पुग्यो र दीर्घकालिन जनयुद्ध पक्षधरद्वारा नेकपा (माओवादी) गठन हुन पुग्यो । लामा समूह एकताकेन्द्र मै रह्यो ।

नेकपा (माओवादी) ले २०५२ साल फाल्गुन १ गतेदेखि जनयुद्धको ऐतिहासिक पहल गर्‍यो । दश वर्षसम्म सञ्चालन गरिएको जनयुद्धले रणनीतिक रक्षा र सन्तुलनको चरण हुँदै प्रत्याक्रमणको चरणतिर अघि बढ्यो । दश वर्षे जनयुद्धले देशभित्र मात्र होइन बाह्य मुलुकहरुमा पनि राम्रो प्रभाव पार्‍यो ।

२०६२ को चुनवाङ बैठकले दीर्घकालिन जनयुद्धको मूल राजनीतिक कार्यनीति परित्याग गरि १२ बुँदे सहमति, विस्तृत शान्ति सम्झौता गर्दै युद्धको परित्याग गरेर अगाडि बढ्यो । त्यसपश्चात अग्रगामी एजेण्डामा देखिएको क्रान्तिकारी माओवादी आन्दोलन छिन्नभिन्न हुन पुग्यो ।

६९ वर्षको लामो नेपाली कम्युनिष्ट आन्दोलनलाई फर्केर हेर्दा र यसको सिंहावलोकन गर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने यस आन्दोलनभित्र विभिन्न बहानाबाजी र तीकडम गर्दै घुस्न सफल भएको दक्षिणपन्थी अवसरवादलाई जरैदेखि उखेलेर नफ्याकेसम्म, नयाँ ढंगको क्रान्तिकारी पार्टी निर्माण गर्न र क्रान्तिलाई लक्ष्यसम्म पुर्‍याउन सम्भव छैन । इतिहासले सिकाएको पाठ पनि यही नै हो ।

*(केसी नेकपा (क्रान्तिकारी माओवादी)का नेता हुन् ।)*

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

अन्यथा अर्थ लागे क्षमा चाहन्छु- कमरेड प्रचण्ड र माधब नेपाल समूह कित निक्कै साहसिक छलाङ मारी "कम्युनिस्ट" ब्रान्ड छोड्न र "समाजवादी केन्द्र" बनाउन राजी हुनुस्, नत्र ढिलोचाँडो ओलीपथमै विलय बाध्यता बन्नेछ । बीचमा खासै स्पेश देखिन्न । पूर्वाग्रही भै हैन, देशभरिको सुचनाकै आधारमा भन्या हुँ ।



**- पुरुषोत्तम दुंगेल**

एउटा दुईटा होइन सात वटै प्रदेशका मुख्यमन्त्रिहरू सत्ता बचाउन जसरी पनि मन्त्रि संख्या बढाएर देश र जनतालाई आर्थिकभार बढाउन चाहन्छन । बुढा नेताहरूको त कुरा छाडौँ नाउँ चलेका पुराना पार्टीका युवा भनाउँदा नेता पनि यस्तो लुटमा केही पनि बोल्दैनन् । जनता पनि अब भन्न बाध्य छन् संघीयता खारेजी गर ।



**- कृष्ण अर्याल**

मुलुक अहिले महाधिवेशनमय छ । एमाले, कांग्रेस, माओवादी, राप्रपा आदि केहीका भए केहीका हुँदैछन् । तर यीनले जनता, मुलुकका समस्या, विकास, निर्माण, राष्ट्रको स्वाभिमान, रोजगारी सिर्जना आदिमा बहस छलफल गरेको कसैले थाहा पाउनुभयो ? खाली आउटडेटेडलाई पुनर्बहालीमा मात्र बढी चासो र चिन्तन भयो कि ?



**- दीपक भण्डारी**

कोरोनाको महामारीको संकट रहेकै बेला रेकर्ड राख्न भनेर बौद्धिकहीन पार्टी एमालेले जनसभा राखेर संक्रमण फैलाउन भूमिका खेलेकै हो । अब कांग्रेस र माओवादीले पनि महाधिवेशनका नाममा तुजुक देखाउन सोही प्रवृत्ति नदोहोर्‍याओस् भन्ने हो । हामीले दिएको सुझाब के पो लाग्दो होला र ?



**- रविन ढकाल**

कांग्रेस भन्ने पार्टीमा प्रमुख पदमा उम्मेदवार हुन उमेर हद हुँदैन ? ७० प्लसलाई पनि विश्राम नगराई, काँधमा बोकेर ताली बजाउँदै हिँड्ने हुन् गगन-विश्वप्रकाशहरू ? कम्तिमा देउवा र रामचन्द्र हजुर बुबाको विकल्प त देऊ यार ।

# अयोध्यापछि मथुराको मुद्दा किन उठाउँदैछ भाजपा ?

विश्व



● अजय बोकिल

> भगवान कृष्णको एउटा शिक्षा भनेको समयअनुसार आफ्नो रणनीति परिवर्तन गर्नु हो । भाजपाले यही कुरालाई ध्यानमा राखेर रामजन्मभूमिको स्थानमा श्रीकृष्णजन्मभूमि मुद्दा उठाउने काम सुरु गरेको छ, तर यो मुद्दाले पनि रामजन्मभूमि जस्तै आन्दोलित गर्न सक्छ वा सक्दैन त्यो त समयले देखाउने छ ।

उत्तर प्रदेश विधानसभा चुनावअघि मथुरामा कृष्णजन्मभूमिको मुद्दा बीजेपीले जसरी उठाएको छ, त्यसबाट दुईवटा सन्देश स्पष्ट भएका छन् । पहिलो, भाजपाले आगामी चुनावमा साम्प्रदायिकताको मुद्दामा पुनः खेल्न लागेको छ, दोस्रो, योगीको नेतृत्वमा सुशासन र विकास जस्ता मुद्दाहरूमा चुनाव जित्न सक्ने भाजपाको अवस्था छैन । अन्यथा, अयोध्यामा राम मन्दिर निर्माणको सन्दर्भमा विहिप हिन्दू परिषद्का अन्तर्राष्ट्रिय अध्यक्ष आलोक कुमारले गत वर्ष स्पष्ट रूपमा भनेका थिए कि उनको पहिलो प्राथमिकता भव्य राम मन्दिर निर्माण हो । अर्थात्, बाँकी मुद्दाहरू गौण छन् । तर डेढ वर्षपछि यूपीका उपमुख्यमन्त्री तथा विहिपबाट भाजपामा आएका केशवप्रसाद मौर्यले हालै 'अयोध्या काशीमा भव्य मन्दिर निर्माण जारी, मथुराको तयारी' भन्ने ट्विट गरेर नयाँ राजनीतिक सनसनी मच्चाएका छन् । काशीमा यो संयोग मात्र होइन, १३ डिसेम्बरमा प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वनाथ करिडोरको उद्घाटन गर्न लागेका छन् ।

### आखिर कुरा के हो ?

वास्तवमा अहिले श्रीकृष्ण विराजमानको नाममा १३.३७ एकड जग्गाको स्वामित्वको माग गर्दै अदालतमा मुद्दा दायर गरिएको छ । निवेदनमा आधा दर्जन भक्तजनले श्रीकृष्ण जन्मस्थान सेवा संस्थान र शाही ईदगाह व्यवस्थापन समितिबीचको सन् १९६८ को सम्झौता अवैधानिक भन्दै मस्जिद हटाएर सम्पूर्ण जग्गा मन्दिर ट्रस्टलाई हस्तान्तरण गर्न माग गरेका छन् ।

श्रीकृष्ण जन्मस्थान सेवा संस्थान (पहिले सेवा संघ) र शाही इदगाह मस्जिदबीच भएको सम्झौताअनुसार मस्जिद निर्माण भएको जग्गालाई बिना विवाद मस्जिदले नै पाउने



निर्णय भएको थियो । अहिले श्रीकृष्ण सेवा संस्थानले मस्जिद बनाएको जग्गा श्रीकृष्ण जन्मस्थान ट्रस्टको नाममा रहेको र शाही इदगाह ट्रस्टले मुस्लिमको सहयोगमा श्रीकृष्णको जन्मस्थल कब्जामा लिएर सो स्थानमा संरचना निर्माण गरेको दाबी गरेको छ । यो पनि भनिएको छ कि, पारिवारिक देवताको रूपमा भगवान कृष्णको पहिलो मन्दिर श्री कृष्णका नाति वज्रनाभले निर्माण गरेका थिए ।

तर यस सम्पूर्ण प्रकरणमा कानुनी असहजता भनेको सन् १९९१ मा नरसिंह राव सरकारले पारित गरेको धार्मिक पूजा ऐन हो । यसअनुसार १९४७ अगस्ट १५ मा देश स्वतन्त्र हुँदाका धार्मिकस्थलको प्रकृति परिवर्तन गर्न सकिँदैन । तर अयोध्याको श्री रामजन्मभूमिलाई मात्र उक्त ऐनबाट अलग राखिएको थियो । यसको अर्थ त्यतिबेलासम्म कृष्णको जन्मभूमिको विवाद सतहमा आएको थिएन । निःसन्देह, यो नाराको रूपमा एउटा मुद्दा बनेको छ, तर यो चुनावमा मूल मुद्दा बनेको छैन । त्यसोभए अब के भाजपा श्रीकृष्ण जन्मभूमि मुद्दालाई पुनर्जीवित गर्न लागेको हो ?

### यसका चार कारण छन् –

पहिलो, किसान आन्दोलनका कारण उत्तर प्रदेशको पश्चिमी क्षेत्रमा भाजपाको अवस्था बिग्रिएको छ । यस क्षेत्रलाई ब्रज मण्डल पनि भनिन्छ । यसलाई जाट भूमि पनि भनिन्छ, किनभने जाटहरू यहाँ ठूलो संख्यामा बसोबास गर्छन् र उनीहरूले किसान आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेका छन् ।

दोस्रो, ब्रजमण्डलमा भगवान रामभन्दा श्रीकृष्णको महत्व बढी छ । यहाँ मानिसहरूले अभिवादनका रूपमा ' जय श्री राम' भन्दा पनि 'जय श्री कृष्ण' भन्ने गर्छन् । भाजपाले श्रीकृष्ण जन्मभूमिको मुद्दा उठाउँदा मोदी-योगी सरकारप्रति किसानहरूको आक्रोश कम हुनेछ र उनीहरू हिन्दू छातामा फर्किनेछन् ।

तेस्रो, यो मुद्दा उठाउँदा सरकारका लागि नकारात्मक साबित भएका अन्य मुद्दाहरूलाई दबाउन सकिनेछ ।

चौथो, भगवान कृष्ण यादव समुदायका मुख्य देवता हुन्, जसको संख्या यूपीको कुल ओबीसी जनसंख्याको लगभग ९ प्रतिशत छ । यादव मुख्यतः समाजवादी पार्टीसँग आवद्ध छन् । भाजपाले श्रीकृष्ण जन्मभूमिको मुद्दा उठाएमा यादवको मतलाई पनि आफुँतर्फ तान्न सक्छ ।

उल्लेखनीय कुरा के छ भने, गत विधानसभा चुनावमा बीजेपीको अस्वभाविक विजयको कारण गैर-यादव मतदाताहरूले दिएको अत्याधिक समर्थन थियो । यसपटक पनि बिगतको जस्तो भाजपाको साथमा गैर-यादव उभिने पक्का छैन । यदि यादव समुदायलाई भाजपा तिर तान्न सके समाजवादी पार्टीलाई ठूलो नोक्सान हुनेछ । योगी आदित्यनाथको रूपमा सन्यासी जातीलाई मुख्यमन्त्रीमा नियुक्ति गरिनुको पछाडि पहिले नै असन्तुष्टि छन् । तर, यसलाई सम्बोधन गर्न प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो क्याबिनेटमा २८ ओबीसी नेताहरुलाई स्थान दिएका थिए ।

बीजेपीले यो बाजी पनि खेल्नुपर्छ किनभने यसपटक पनि ब्राह्मण भोट साथमा रहनेमा निश्चित छैन । बीजेपीको चिन्ता यो पनि छ कि यूपीका ओबीसी मतदाताहरूले लोकसभा चुनावमा मुख्यतया बीजेपीलाई भोट दिन्छन्, तर विधानसभा चुनावमा उनीहरू विभिन्न जातहरूमा विभाजन गरेर भोट दिन्छन् । यदि सपाको पक्षमा ओबीसीसँगै मुस्लिम मत पनि खोस्यो भने, भाजपालाई सत्ताबाट बाहिरिन सक्छ ।

भगवान कृष्णको एउटा शिक्षा भनेको समयअनुसार आफ्नो रणनीति परिवर्तन गर्नु हो । भाजपाले यही कुरालाई ध्यानमा राखेर रामजन्मभूमिको स्थानमा श्रीकृष्णजन्मभूमि मुद्दा उठाउने काम सुरु गरेको छ, तर यो मुद्दाले पनि रामजन्मभूमि जस्तै आन्दोलित गर्न सक्छ वा सक्दैन त्यो त समयले देखाउने छ ।

*(राजनीतिक विश्लेषक अजय बोकिलले अमर उज्यालाका लागि लेखेको लेख यहाा अनुवाद गरि साभार गरिएको हो ।)*

# सूर्यमा ग्रहण लागिसक्यो अब कलम चम्किन्छः अध्यक्ष नेपाल



नेपाल कम्युनिष्ट पार्टी समाजवादीका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले नेकपा एमाले केपी शर्मा ओलीको प्राइभेट कम्पनी जस्तै भइसकेको आरोप लगाएका छन् । सुनसरीको इटहरीमा पार्टीको अगुवा एवं कार्यकर्ता भेलालाई सम्बोधन गर्दै अध्यक्ष नेपालले यस्तो आरोप लगाएका हुन् ।

हालै सम्पन्न नेकपा एमालेको महाधिवेशनलाई चोटिलो प्रहार गर्दै अध्यक्ष नेपालले नारायणी नदी किनारमा एमालेका अध्यक्ष ओलीले कम्युनिष्ट आन्दोलनको मुल्य र मान्यतालाइ तिलाञ्जली दिएको आरोप लगाए ।

'चितवनमा मान्छे भेला भेला गरेर ओलिले महाधिवेशन हैन जनताको बहुदलिय जनवाद र शहीदहरूको सपनालाई नारायणी नदीको किनारमा लगेर तिलाञ्जली दिएका हुन्'अध्यक्ष नेपालले थपे ।

**सुनसरी डायरी**
**तेजबहादुर बन/मध्यान्ह**

नेकपा समाजवादी प्रदेश एक कमिटीले आयोजना गरेको दुईदिने प्रशिक्षण कार्यक्रम अन्तर्गत पहिलो दिन उद्घाटन समारोहलाई सम्बोधन गर्ने अध्यक्ष नेपालले ओलीको पालामा गठित सरकार इतिहासकै नालायक र भ्रष्ट सरकार रहेको पनि बताए ।

जनताबाट दुईतिहाइ बहुमत पाएपनि एमालेले त्यसको कदर गर्न नसकेको र त्यहि दम्भकै कारण पार्टी विभाजन हुन पुगेको उनको तर्क थियो ।

अर्को प्रसंगमा अध्यक्ष नेपालले नेकपा एमालेको चुनाव चिन्ह सूर्यमा ग्रहण लागिसकेको टिप्पणी गर्दै न्यायको आवाज बन्दै कलम उदाएको बताए ।

उनले अब ओली र तिनका पार्टीलाई निर्वाचनको माध्यमबाट हराएर आफ्नो पार्टीलाई अग्रस्थान दिलाउन कार्यकर्तालाइ जनताको माझमा सभ्य र विकाशको खाकाहरू बोकेर जान निर्देशन दिए । त्यस्तै कार्यक्रममा पार्टीका केन्द्रीय सचिव तथा एक नं. प्रदेशका मुख्यमन्त्री राजेन्द्र राईले एमालेले जनतालाई उल्लु बनाइरहेको बताए ।

नेपाली जनतालाई भोट बैंकको रूपमा प्रयोग गरेर तीनै जनताको सपनामाथि कुठाराघात गरेपछिएमाले विभाजन भएको मुख्यमन्त्री राइको भनाइ छ । जनताको मनमा नयाँ पार्टीले केहि गर्दैन भन्ने प्रश्न उब्जिएकोले अब त्यसलाई चिर्दै समाजवादी अघि बढ्ने उनले बताए ।

नेकपा समाजवादी प्रदेश एकका अध्यक्ष बलदेव चौधरीको सभापतित्वमा सम्पन्न कार्यकममा पार्टीका प्रदेश एक इञ्चार्ज तथा केन्द्रीय उपाध्यक्ष घनेन्द्र बस्नेत, महासचिव जगन्नाथ खतिवडा, केन्द्रीय सदस्य केशव कुमार बिष्ट, सुनसरी इञ्चार्ज महबुझ अन्सारी लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा प्रदेश नं.१ का १४ वटै जिल्लाबाट ५ सय बढी कार्यकर्ताको उपस्थिति रहेको थियो । उक्त प्रशिक्षण कार्यक्रम २ दिनसम्म रहने जनाइएको छ ।

# तेश्रो लिंगी अल्पसंख्यकको गुनासो 'हाम्रो मुद्दा उठाइएन'

इटहरीमा रहेका तेश्रो लिंगी अल्पसंख्यकहरूले सुनसरीमा क्रियाशिल पत्रकारहरूसँग आफ्ना मुद्दाको उठान नगरिएको भन्दै गुनासो पोखेका छन् ।

ठूला-ठूला नेता तथा मन्त्रीहरूको मात्र भनाईलाई प्राथमिकता दिएको तर समाजबाट पछाडि परेको अल्पसंख्यकहरूको मुद्दा र समस्याबारे कसैले सोधिखोजी नगरिएको भन्दै उनीहरुले गुनासो गरेका हुन् ।

इटहरीमा आयोजित लिंग र लैंगिकताबारे मिडियाको भूमिका नामक अन्तर्क्रियामा उनीहरूले अल्पसंख्यकहरूलाई हेर्ने समाजको नजर अझै पनि रूढिवादी परम्पराकै रहेको र राज्यले समेत समान अधिकार प्रदान नगरेकोले समुदायनै संकटमा परेको बताए ।

अन्तर्क्रियामा नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय अध्यक्ष धर्मेन्द्र झाले तेश्रो लिंगी अल्पसंख्यकहरूलाई समाजमा समान अधिकार प्राप्तिका लागि पत्रकारहरूले उनीहरूको विषयमा खोजमुलक सामग्रीहरू सम्प्रेषण गरिनुपर्नेमा जोड दिए । उनले सानो भन्दा सानो समस्यालाई आवाज समाजमा ल्याइदिनाले अल्पसंख्यहरूको लागि थोरै भएपनि राहत मिल्ने बताए ।

इटहरीस्थित निलहिरा समाजको आयोजनामा भएको अन्तर्क्रियामा अल्पसंख्यक तथा कार्यक्रम संयोजक पिटर राइले मान्छे जन्मदै लिंगको आधारमा पुरूष वा स्त्री भनेर पहिचान गरेपनि भविष्यमा शरिरको बनावटसँगै हर्मोन परिवर्तन हुँदा एकाएक इच्छा पनि परिवर्तन हुन आउने र त्यसैलाई अल्पसंख्यकको रूपमा चिनिने बताए । तर आफु अल्पसंख्यक हो भनेर परिवार र समाजमा खुलेर बताउन नसकेकै कारण धेरैले आफ्नो इच्छाहरू मर्ने पिटर राइको भनाई छ ।

मुलुकमा तीन तहको सरकार गठन भएपनि अल्पसंख्यकहरूलाई रोजगारी, राजनीति लगायत कुनै निकायमा स्थान दिन नसकेको अर्का अल्पसंख्यक तथा अधिकारकर्मी देवनारायण चौधरी(देब्यानी)ले बताए । उनीहरूले राज्यले समानताको व्यवहार र अधिकार दिनुपर्नेमा जोड दिँदै आएका छन् ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७८/०८/२२**

यस कम्पनीको मिति २०७८/०८/१४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनीको नाम **कुसे निर्माण सेवा प्रा.लि. (प्रा.लि.नं.: १७३८९७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०८/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **कुसे बहुउदेश्यीय प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन, २०६३, बमोजिम मिति २०६३।८।१० गते **सिद्ध पोखरी एजुकेसन एण्ड कन्सल्टेन्सी (प्रा. लि.)** नामबाट दर्ता भएको प्रा.लि.नं.४२५६०।०६३।६४ को मिति २०७८।०८।२१ मा बसेको विशेष साधारण सभाले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक रुपमा खारेजी (लिक्विडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसँग कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सबैको जानकारीको लागियो सूचनाजारी गरीएको छ ।

**लिक्विडेटरः बिरेन्द्र सिवाकोटी (अधिवक्ता) इजाजत पत्र.नं.२६७**
**ठेगाना : बानेश्वर, काठमाण्डौं**
**सम्पर्क : ९८५१०५५२४९**

## साउदीमा रोजगार | कम्पनी: TECHNICAL AL-FADI CONTRACTING शहर: JEDDAH

पूर्व स्वीकृत मितिः २०७८/०८/२० चलानी नं.: ६०१६९७४६ LT. No.: 251824

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,०९० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २९ गते (15 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Ajeets Management and Development Company Pvt. Ltd.**
AJEETS GROUP
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Tara Hall Chowk , Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391, 9851205588, 9863197435
E-mail : nepalajeets@gmail.com

## UAE मा TAXI DRIVER हरुलाई रोजगारको अवसर

कम्पनी : Tawasul Transport L.L.C

पूर्व स्वीकृती मितिः २०७८/०८/२१ चलानी नं. ६०१४९८०७ LT No. : 230841

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Taxi Driver | 100 | 0 | काममा दक्ष | 1500 | ४९,२७७।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०७८ मंसिर २९ गते (15 Dec. 2021) यस प्रा. लि. कार्यालय सिनामंगल काठमाडौमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.** श्रम ईजाजत न.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८, ९८१८५१०५३३

## UAE मा रोजगार | कम्पनी: L S P M K TECHNICAL SERVICES L.L.C. शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/१६ चलानी नं.: ६०१६९७३६ LT. No.: 252534

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Purchasing Representative | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Commercial Sales Representative | 11 | 0 | | 900 | २९,४९३ | | | | | | | |
| 3. | Air Conditioning Assistant | 10 | 0 | | 1000 | ३२,७७० | | | | | | | |
| 4. | Oxygen Welder | 10 | 0 | | 900 | २९,४९३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २९ र पुस १, २ गते (15, 16 & 17 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Wish HR Solution Pvt. Ltd.**
Kalimati Dol, Sinamangal-9,Kathmandu, Tel: 4596093, 4597897
Gov. Lic. No.: 1425/074/075
Email:- info@wishhrsolution.com, wishhr1425@gmail.com
MOBILE NO. : 9851041347,9841626616, 9823856304

## यूएईमा रोजगार | कम्पनी : EMIRATES HOSPITALITY CENTER-SOLE PROPRIETORSHIP L.L.C. शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०८/२१ चलानी नं.: ६०१६९७५६ LT. No.: 253072

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २६,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Stevdore | 8 | 0 | | 800 | २६,२१६ | | | | | | | |
| 3. | Fruit & Vegetable Preserver | 7 | 0 | | 1200 | ३९,३२४ | | | | | | | |
| 4. | Walter | 7 | 0 | | 1200 | ३९,३२४ | | | | | | | |
| 5. | Messsenger | 0 | 15 | | 1200 | ३९,३२४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २९ गते (15 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Baba Human Resource Management Pvt. Ltd.**
नयाँ बानेश्वर, काठमाडौं, फोन : ०१–४७८२४८२, ४७८२५४९
Govt. Lic. No. 1367/074/075
E-mail : babahrmgt@gmail.com

## OMAN मा रोजगार | १. कम्पनी: KALHAT SERVICES & TRADING LLC शहर: MUTRAH

पूर्व स्वीकृत मितिः २०७८/०८/१९ चलानी नं.: ६०१६९५८७ LT. No.: 252863

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 150 | 0 | स. काममा दक्ष | 100 | ३१,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: UNITED CATERING LLC शहर: ALZAIBA

पूर्व स्वीकृत मितिः २०७८/०८/२१ चलानी नं.: ६०१६९७८४ LT. No.: 253040

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Service Supervisor | 14 | 0 | सम्बन्धित काममा दक्ष | 250 | ७८,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 20 | 0 | | 140 | ४३,८६६ | | | | | | | |
| 3. | Cook General | 12 | 0 | | 160 | ५०,१३२ | | | | | | | |
| 4. | Dish Washer | 15 | 0 | | 120 | ३७,५९९ | | | | | | | |
| 5. | Baker General | 14 | 0 | | 140 | ४३,८६६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर २९ गते (15 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**वर्ल्डवेज मेनपावर इंक प्रा. लि.**
WWM WORLDWAYS MANPOWER INC (P.) LTD. "A Step Ahead"
कोटेश्वर-३५, काठमाडौं, नेपाल, फोन नं. ४६०२३८६, ४६०१८६५
